**आकाशवाणी समाचार- नेपाली**

मितिः ०१ दिसम्बर २०२४

समयः ०७.२५ - ०७ः ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

१. महाराष्ट्रमा नवनिर्वाचित महायुति सरकारक शपथ ग्रहण समारोह पांच दिसम्बरको साझ पांच बजे मुंबईको आजाद मैदानमा हुने भएको छ। शपथ ग्रहण समारोहमा प्रधानमंत्री नरेन्द्र मोदी पनि सामेल हुनुहुनेछ।

२. प्रधानमंत्री नरेन्द्र मोदीले आज लगातार दोश्रो दिन अखिल भारतीय पुलिस महानिदेशहरु अनि महानिरीक्षकहरुको वार्षिक सम्मेलनमा भाग लिनुहुनेछ।

३. उपराष्ट्रपति जगदीप धनखड आज कानपुर जानुहुनेछ। उहाले आई आई टी कानपुरमा विद्यार्थिहरुलाई पनि संबोधित गर्नुहुनेछ।

४. नागालैंडले आज आफ्नो 62औ राज्य स्थपना दिवस पालन गरिरहेको छ।

५. एक्वायर्ड इम्यूनो डेफिसिएंसी सिंड्रोम-एड्स को बारेमा मानिसहरुलाई जागरूक गर्नको लागि आज विश्व एड्स दिवस मनाइन्दै छ।

६. शीर्ष भारतीय बैडमिंटन खेलाडी पी वी सिंधु अनि लक्ष्य सेन, सैयद मोदी अंतर्राष्ट्रीय टूर्नामेंट 2024 को फाइनलमा पुगेका छन्।

**महायुति शपथ ग्रहण**

महाराष्ट्रमा नवनिर्वाचित महायुति सरकारक शपथ ग्रहण समारोह पांच दिसम्बरको साझ पांच बजे मुंबईको आजाद मैदानमा हुने भएको छ। महाराष्ट्रमा भारतीय जनता पार्टीका प्रदेश अध्यक्ष चन्द्र शेखर बावनकुलेले एक सोशल मीडिया पोस्टमा भन्नुभयो कि शपथ ग्रहण समारोहमा प्रधानमंत्री नरेन्द्र मोदी पनि सामेल हुनुहुनेछ। महायुति गठबंधनमा भारतीय जनता पार्टी, शिवसेना-शिंदे गुट अनि **राष्ट्रवादी कांग्रेस पार्टी-एनसीपी** अजीत पवार गुट सामेल छन्। महायुति गठबंधनले विधानसभा चुनावमा 288 सीटहरु मद्धे 230 सीटहरुमा जीत प्राप्त गरेको छ। भारतीय जनता पार्टी 132 सीटहरु जितेर सबैभन्दा ठुलो पार्टीको रूपमा अघि आएको छ, जबकि एकनाथ शिंदेको नेतृत्वमा रहेको शिवसेनाले 57 अनि अजित पवारको नेतृत्वमा रहेको एनसीपीले 41 सीटहरु जितेका छन्।

**प्रधानमंत्री - सुरक्षा सम्मेलन**

प्रधानमंत्री नरेन्द्र मोदी आज लगातार दोश्रो दिन अखिल भारतीय पुलिस महानिदेशहरु अनि महानिरीक्षकहरुको वार्षिक सम्मेलनमा भाग लिनुहुनेछ।गत शुक्रवार ओडिशाको भुवनेश्वरमा शुरू भएको तीन दिवसीय सम्मेलनको आज अंतिम दिन हो। सम्मेलनमा आज प्रधानमंत्री सित साथ केंद्रीय गृह मंत्री अमित शाह, राष्ट्रीय सुरक्षा सलाहकार अजीत डोभाल, केंद्रीय गृह सचिव गोविंद मोहन, शीर्ष पुलिस अधिकारिहरु अनि देशका विभिन्न सुरक्षा एजेंसिहरुका प्रमुखहरु सित राष्ट्रीय सुरक्षासित संबन्धित विविध मुद्दाहरु माथि चर्चा गर्नेछन्। प्रधानमंत्री अनि अन्य प्रमुख गणमान्य व्यक्तिहरुले पुलिसको समक्ष आउने विभिन्न परिचालन अनि बुनियादी ढांचासित संबंधित मुद्दाहरु माथि पनि चर्चा गर्नेछन्। आंतरिक सुरक्षा, नयाँ आपराधिक कानून, तटीय सुरक्षा, साइबर अपराध, माओवादी खतरा, कृत्रिम बुद्धिमत्ता तथा ड्रोन जस्ता प्रौद्योगिकिहरु बाट उत्पन्न चुनौतिहरु, आतंकवाद निरोधक रणनीतिहरु जस्ता मुद्दाहरु माथि पनि आज चर्चा हुने सम्भावना छ। प्रधानमंत्री गत शुक्रवारदेखि भुवनेश्वरको तीन दिनको यात्रामा हुनुहुन्छ अनि उहा आज साझ दिल्ली फर्किनु हुनेछ।

****** ० ******

**उपराष्ट्रपति कानपुर दौरा**

उपराष्ट्रपति जगदीप धनखड आज कानपुर जानुहुनेछ। उहाँ जयपुरिया स्कूलको स्वर्ण जयंती समारोहमा मुख्य अतिथि रहनुहुनेछ। उहाले आई आई टी कानपुरमा विद्यार्थिहरुलाई पनि संबोधित गर्नुहुनेछ। यसलाई ध्यानमा राख्दै सुरक्षाको व्यापक प्रबंध गरिएको छ।

****** ० ******

**ट्राई-संदेश ट्रैसेबिलिटी**

सरकारले घोषणा घोषणा गरेको छ , भारतीय दूरसंचार नियामक प्राधिकरण- ट्राईले टेक्स्ट संदेशहरुको सुरक्षित ट्रांसमिशन अनि वाणिज्यिक संदेशहरुको प्रेषकको पत्तो लगाउन, सुनिश्चित गर्नुको निम्ति कतिपय उपाय लागू गरेको छ।संदेश ट्रैसेबिलिटीमा सुधार गर्नुको निम्ति ट्राई अन्तर्गत अगस्तमा ट्रैसेबिलिटी दिशानिर्देश जारी गरिएको थियो। दिशानिर्देशहरुको अनुपालनको निम्ति कंपनिहरुलाई 28 अक्टूबरसम्मको समय दिइएको थियो तर बादमा तकनीकी उन्नयनको निम्ति समय सीमा 30 नवंबर सम्म बडाइएको थियो संचार मंत्रालय अनुसार यस प्रयासहरुद्वारा परिणामस्वरूप 27 हजार भन्दा अधिक प्रमुख संस्थाहरुले पहिलानै संबंधित एक्सेस प्रदाताहरुसंग आफ्नो श्रृंखला पंजीकृत गरिसकेको छ अनि अगिल्लो चरणको पंजीकरण तेजिको साथ अघि बढिरहेको छ। एक्सेस प्रदाता ती प्रमुख संस्थाहरु अनि टेलीमार्केटसहरुलाई चेतावनी नोटिस जारी गरिरहेछ जसले अहिलेसम्म आवश्यक परिवर्तन लागू गरेको छैन।

****** ० ******

**नागालैंड-राज्य को दर्जा**

नागालैंडले आज आफ्नो 62औ राज्य स्थपना दिवस पालन गरिरहेको छ। वर्ष 1963 मा आजकै दिन नागालैंड आधिकारिक रूपमा भारतको 16औ राज्य बनेको थियो। नागालैंडको इतिहासमा यस महत्वपूर्ण उपलब्धिको उपलक्ष्यमा कतिपय कार्यक्रमहरुको आयोजना भैरहेछ। राज्य स्तरीय उत्सव कोहिमामा नागालैंड सिविल सचिवालय प्लाजामा हुनेछ जहां मुख्यमंत्री नेफ्यू रियोले सभालै संबोधित गर्नुहुनेछ अनि पछिल्लो छ: दशकहरुमा राज्यको विकास यात्रामाथि चर्चा गर्नुहुनेछ। राज्यको प्रगतिको दृष्टिकोण अनुरूप शासन अनि शिक्षामा सुधार ल्याईउने उद्देश्यले कतिपइ महत्वपूर्ण पहल शुरू गर्नुहुनेछ। यस अवधि शिक्षक उपस्थिति निगरानी प्रणाली-स्माइल ऐपको लोकार्पण गरिनेछ। उहाले श्री रियो नागालैंड एन्हांसिंग क्लासरूम टीचिंग एंड रिसोर्सेज परियोजना अन्तर्गत सात लाइट हाउस स्कूल कॉम्प्लेक्सहरुको वर्चुअल रूपमा आधारशिला राख्नुहुनेछ। सरकारी कार्यहरुलाई डिजिटल अनि आधुनिक बनाउनको निम्ति एक पहल स्मार्ट सचिवालयको पनि लॉन्च गरिनेछ।उत्सवमा विशेष प्रस्तुति अनि सांस्कृतिक कार्यक्रमहरु रहनेछ। नागालैंडका राज्यपाल ला गणेशन ले राज्य दिवसको ऐतिहासिक अवसरमा नागालैंडका जनतालाई शुभकामनाएं दिनुभएको छ।

****** ० ******

**प्रधानमंत्री-शोक**

प्रधानमंत्री नरेंद्र मोदीले शोधकर्ता डॉ. पृथ्वींद्र मुखर्जीको निधनमा शोक व्यक्त गर्नुभएको छ । एक संदेशमा श्री मोदीले भन्नुभयो - बहुमुखी प्रतिभाका धनी डॉक्टर मुखर्जीले बौद्धिक जगतमा अमेत छाप छोडेका छन् । उहाको रचना-धर्मिता अनि कार्य, भविष्यमा पनि प्रशंसनीय बनि रहने छन् ।

****** ० ******

**विश्व एड्स दिवस**

एक्वायर्ड इम्यूनो डेफिसिएंसी सिंड्रोम-एड्स को बारेमा मानिसहरुलाई जागरूक गर्नको लागि आज विश्व एड्स दिवस मनाइन्दै छ । यो दिन मानिसहरुलाई एचआईवी बिरुद्धको लड़ाईमा एकजुट हुने अनि एचआईवी पीडित मानिसहरु प्रति समर्थन व्यक्त गर्ने अवसर पनि प्रदान गर्दछ ।केंद्रीय स्वास्थ्य अनि परिवार कल्याण मंत्री जेपी नड्डाले आज मध्य प्रदेशको इंदौरमा विश्व एड्स दिवस 2024 कार्यक्रमको उद्घाटन गर्नुहुनेछ । यस अवसरमा मुख्यमंत्री डॉक्टर मोहन यादव सम्मानित अतिथि रहनुहुनेछ । यस वर्ष विश्व एड्स दिवस जागरूकता बढ़ाउने, उपचारका लागि अधिकार-आधारित दृष्टिकोणलाई बढ़ावा दिने अनि एचआईवी द्वारा प्रभावित मानिसहरु बिरुद्ध भेदभावलाई समाप्त गर्ने बिषय माथि ध्यान केंद्रित गर्नेछ । बर्ष 2024 को "सही रास्ते पर चलें" रहेको छ । हाम्रा संवाददाताले बताए अनुसार राष्ट्रीय एड्स नियंत्रण संगठनले 1992 देखि प्रतेक वर्ष पहिलो दिसम्बरको दिन विश्व एड्स दिवस मनाउने गर्दछ ।यो आयोजन 2030 सम्म एड्सलाई समाप्त गर्ने वैश्विक लक्ष्य प्राप्त गर्ने दिशामा आईरहेको चुनौतिहरुसित जुझ्न्म सहायक भैरहेको छ । स्वास्थ्य मंत्रालयले एक वक्तव्यमा भनेको छ कि यस कार्यक्रममा नाको को थीम गीतको शुभारंभ, लाभार्थिहरुको प्रेरणादायक कथाहरु अनि संगठनको मिशनलाई समर्थन गर्नको लागि प्रमुख संसाधनहरुलाई अघि ल्याउनु प्रमुख बिषय हुनेछ ।

****** ० ******

## चक्रवात

चक्रवाती तूफान फेंजल हिज राती तमिलनाडु अनि पुडुचेरी तट नजिक  कराईकल अनि महाबलिपुरम पुगेको छ। रति 10 बजेर 30 मिनेट देखि  11 बजेर 30 मिनेट बीच चक्रवातले, उत्तरी तमिलनाडु अनि पुडुचेरीको तट पार गर्यो , त्येस समय 70 देखि 80 किलोमीटर प्रति घन्टाको गतिमा तिब्र रुपमा हावा चलेको थियो। तूफान अब पश्चिम, दक्षिण पश्चिम दिशा तर्फ अघि बडीरहेको छ अनि बिस्तारै कमजोर भएर गहिरो दबावमा परिणत हुनेछ। तूफानको  कारण उत्तरी तमिलनाडु अनि पुडुचेरीमा भारी वर्षा भैरहेको छ अनि तिब्र गतिमा हावा चलिरहेको छ। भारी वर्षाको कारण चेन्नई हवाई अड्डा बंद गर्नु पर्यो अनि शहरको धेरै भागहरुमा आवाजाही लगभग शून्य भएको छ , तथापी कुनै ठुलो क्षति भएको खबर छैन। त्येसको छेउ-छाउका  जिल्लाहरु अनि पुडुचेरीमा सार्वजनिक परिवहन जस्तै बस, रेल अनि  हवाई सेवाहरु माथि असर परेको छ। प्रशासनले प्रभावित क्षेत्रहरुबाट मानिसहरुलाई सुरक्षित स्थानहरुमा पुर्याएको छ। मौसम विभागले  तमिलनाडु, दक्षिण आंध्र प्रदेश, केरल अनि  आंतरिक कर्नाटकमा  मूसलाधारे वर्षाको रेड अलर्ट जारी गरेको छ।

****** ० ******

## सैयद मोदी फाइनल

शीर्ष भारतीय बैडमिंटन खेलाडी पी वी सिंधु अनि लक्ष्य सेन, सैयद मोदी अंतर्राष्ट्रीय टूर्नामेंट 2024 को फाइनलमा पुगेका छन्। फाइनल आज अपरान्ह  लखनऊमा हुनेछ।   बीडब्ल्यूएफ सुपर 300 इवेंटमा महिला सिंग्ल्स सेमीफाइनलमा  सिंधुले उन्नति हुड्डालाई 21-12, 21-9 ले पराजित गरे। फाइनलमा आज सिंधुको भिडन्त चीन की वू लू यू सित हुनेछ।   लक्ष्य सेन, पुरुष सिंग्ल्स फाइनलमा सिंगापुरका  जिया हेंग जैसन तेह सित खेल्ने छन्। सेनले सेमीफाइनलमा जापानका शोगो ओगावालाई  21-8, 21-14 ले पराजित गरे।मिक्स डब्ल्समा ध्रुव कपिला अनि  तनिशा क्रस्टोले  चीनका  जू शी हांग अनि यांग जिया यी लाई 21-16, 21-15 ले पराजित गरेर फाइनलमा स्थान पक्का गरेका छन्। फाइनलमा उनीहरुको भिडन्त थाईलैंडका डूओ डैकोपॉल पुआवारनउक्रो अनि सुपिसारा पवेसम्परानको जोडीसित हुनेछ।

****** ० ******